बैठक नं ९८

**आज मिति २०८२ बैशाख महिनाको २५ गते नेपाल सम्वत ११४५ बछलाथ्व एकादशी विहिबारको दिन विहान ८ बजे पालुङटार नगरपालिकाका नगर प्रमुख श्री बिवस चिन्तनज्यूको अध्यक्षतामा बसेको कार्यपालिकाको बैठकमा निम्न व्यक्तिहरुको उपस्थितिमा निम्न निर्णय भई सम्पन्न भयो ।**

| सि.नं. | नाम थर | पद | वडा नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | विवस चिन्तन | नगर प्रमुख | पालुङटार ४ गोरखा | |
| २ | बन्दना पाण्डे | उप प्रमुख | पालुङटार ६ गोरखा | |
| ३ | कृष्ण बहादुर परियार | वडा अध्यक्ष | पालुङटार १ गोरखा | |
| ४ | कृष्ण बहादुर थापा मगर | वडा अध्यक्ष | पालुङटार २ गोरखा | |
| ५ | रबिन्द अधिकारी | वडा अध्यक्ष | पालुङटार ३ गोरखा | |
| ६ | मान बहादुर पौडेल | वडा अध्यक्ष | पालुङटार ४ गोरखा | |
| ७ | दीपक पाण्डे | वडा अध्यक्ष | पालुङटार ५ गोरखा | |
| ८ | चेत बहादुर गुरुङ | वडा अध्यक्ष | पालुङटार ६ गोरखा | |
| ९ | अर्जुन बहादुर कुमाल | वडा अध्यक्ष | पालुङटार ७ गोरखा | |
| १० | होप बहादुर नेपाली | वडा अध्यक्ष | पालुङटार ८ गोरखा | |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| ११ | भेज राज पाण्डे | वडा अध्यक्ष | पालुङटार ९ गोरखा | |
| १२ | रिखिराज धौराली | वडा अध्यक्ष | पालुङटार १० गोरखा | |
| १३ | मनिका अधिकारी लिम्बु | कार्यपालिका सदस्य | पालुङटार २ गोरखा | |
| १४ | पार्वती नेपाली | कार्यपालिका सदस्य | पालुङटार २ गोरखा | |
| १५ | मिना सुनार | कार्यपालिका सदस्य | पालुङटार ४ गोरखा | |
| १६ | हर्क बहादुर नेपाली | कार्यपालिका सदस्य | पालुङटार ५ गोरखा | |
| १७ | पम्फा वि.क. सुनार | कार्यपालिका सदस्य | पालुङटार ७ गोरखा | |
| १८ | अर्जुन वि.क. | कार्यपालिका सदस्य | पालुङटार ८ गोरखा | |
| १९ | मिन माया लामा | कार्यपालिका सदस्य | पालुङटार ९ गोरखा | |
| २० | देवि माया योगी | कार्यपालिका सदस्य | पालुङटार १० गोरखा | |
| २१ | कमानसिं थापामगर | सदस्य सचिव | | |

**कर्मचारीहरु**

| | | | | |
|---|---|---|---|---|
| १ | धनेन्द्र श्रेष्ठ | योजना शाखा | गोरखा | |
| २ | राम जनम चौधरी | योजना शाखा | | |

Scanned with CamScanner

पालुङटार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पालुङटार, गोरखा
गण्डकी प्रदेश, नेपाल

बैठक नं : ९८

मितिः २०८२/०१/२५

ने.स ११४५ बछलाथ्व एकादशी विहिबार

## कार्यपालिका बैठकका प्रस्तावहरु

१. समिक्षा।

२. फागुन महिनामा भुक्तानी भएको योजनाको फरफारक गर्ने सम्वन्धमा।

३. फागुन महिनामा अनुगमन भएको योजनाको प्रतिवेदन पेश गर्ने सम्वन्धमा।

४. जलश्रोतको उपयोग तथा व्यवस्थापन सम्वन्धी कार्यविधि २०७७ संसोधन गर्ने सम्वन्धमा।

५. बालमैत्री स्थानीय शासन कार्यक्रम संचालन गर्ने तथा समितिहरु निर्माण गर्ने सम्वन्धमा।

Scanned with CamScanner

# पालुङटार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## पालुङटार, गोरखा
### गण्डकी प्रदेश, नेपाल

विषय :- बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि आवश्यक विभिन्न समिति गठन तथा बजेट बाँडफाँटको निर्णय सम्बन्धमा

कार्यपालिकाको बैठकमा प्रस्ताव पेश गर्न नगर प्रमुखबाट स्वीकृत प्राप्त मिति :- २०८२/०१/२२

**१. विषयको संक्षिप्त विवरण :**

बालमैत्री स्थानीय शासन स्थानीय सरकारमार्फत बाल अधिकारको सुनिश्चत गर्न बालअधिकारका बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागितालाइ मुख्य आधार बनाइ ल्याइएको शासकीय व्यवस्था हो । नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, बालबालिका सम्बन्धि ऐन २०७५, बाल अधिकार सम्बन्धि अन्तर्राष्ट्रिय महासन्धि १९८९ तथा नेपाल सरकारका विभिन्न नीति, कानुन तथा आवधिक योजनाहरुमा बाल अधिकारको समग्र पक्षलाई सम्बोधन गर्न व्यवस्था भएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले बालमैत्री स्थानीय शासन प्रवर्द्धन गरी बालमैत्री स्थानीय शासन घोषणा गर्ने अधिकार स्वयं स्थानीय तहलाई नै दिएको छ । गण्डकी प्रदेशको गोरखा जिल्लामा अवस्थित यस पालुङटार नगरपालिका समेत प्रदेश सरकार मार्फत आ.व. २०८१/०८२ का लागि विशेष अनुदानमा बालमैत्री स्थानीय शासन कार्यक्रम कार्यान्वयनको लागि छनौट भई रु.३०,००,०००।- (अक्षेरुपी रु. तीस लाख मात्र) बजेट विनियोजन भएको छ ।

**२. प्राप्त परामर्श तथा अन्य प्रासँगिक कुरा :**

बालमैत्री स्थानीय शासन कार्यक्रमहरुलाई सुव्यवस्थित रुपमा सञ्चालन गर्दै वि.सं. २०८७ सम्म सबै स्थानीय तहलाई बालमैत्री बनाउने योजना सहित नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ र बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि २०७९ जारी भएको छ । पालुङटार नगरपालिकाले समेत बाल अधिकार संरक्षण तथा सम्वर्द्धन सम्वन्धी कार्यसञ्चालन कार्यविधि २०७९ निर्माण भइ कार्यान्वयनमा ल्याइएको छ । निर्देशिकाले बालमैत्री स्थानीय शासन कार्यक्रम कार्यान्वयनका लागि निर्देशक सिद्धान्तहरु गैरविभेदीकरण बालबालिकाको सर्वोत्तम हित बालबालिकाको सर्वाङ्गीण विकास सहभागितको र विचारको सम्मान सन्निकटता समावेशीकरण र समुदायमा आधारित हुनुपर्ने व्यवस्था गर्नाका साथै निम्नानुसार उद्देश्यहरु राखेको छ ।

क. स्थानीय तहको आवधिक तथा वार्षिक योजनामा बालअधिकारका सवालहरुलाई प्राथमिकता दिनु

ख. बालबालिकाको समुचित विकासको लागि आवश्यक पर्ने सबै सेवा सुविधाहरुमा हरेक बालबालिकाको पहुँच सुनिश्चित गराउनु

ग. स्थानीय तहमा बालबालिकासँग सम्वन्धित नीति योजना र कानुन तर्जुमा गर्दा बालबालिकाको सहभागिता गराउनु

घ. स्थानीय तहमा निर्माण हुने सबै भौतिक पूर्वाधारहरु बालमैत्री बनाउनु

ङ. बालबालिकाको हित विरुद्ध हुने सबै प्रकारका हिंसाहरुको उन्मूलन गर्नु ।

उक्त निर्देशिकाले माथिका उद्देश्यहरु पूरा गर्नका लागिका लागि मूलप्रवाहीकरण, नीतिगत वकालत पैरवी र सचेतना, संस्थागत विकास, क्षमता विकास, सहकार्य र साझेदारी प्रवर्द्धन, समुदाय परिचालन, सामाजिक जवाफदेहिता र पारदर्शिता समतामूलक कार्यक्रम, सूचना शिक्षा र सञ्चारको माध्यमबाट व्यवहार परिवर्तन र अनुगमन तथा मूल्याङ्कन जस्ता कार्यनीति र सम्बन्धित रणनीतिहरु समेत निर्धारण गरेको छ ।

Scanned with CamScanner

बालमैत्री स्थानीय शासन कार्यान्वयनको प्रक्रियामा पूर्वतयारीका ६ चरण तयारीका ६ चरण नीति तथा योजना तर्जुमा तथा कार्यान्वयनको ५ चरण अनुगमन मूल्याङ्कन र प्रतिवेदनको ५ चरण र बालमैत्री वडा/गाउँपालिका/नगरपालिका घोषणा र दिगोपनाको ६ चरण उल्लेख भएको छ । जसममध्ये पूर्वतयारीका यस नगरपालिकाबाट नगरस्तरीय लिखित प्रतिवद्धता २०८०/०१/११ मा भएको छ ।

३. प्रस्ताव पेश गर्नुपर्ने कारण र सम्बन्धित शाखाको सिफारिसः

पालुङटार नगरपालिकाले २०८३ आषाढ मसान्त सम्म बालमैत्री स्थानीय शासन युक्त पालिका घोषणा गर्ने मिति २०८०/०१/११ को सामुहिक प्रतिवद्धता पूरा गर्नका लागि सम्पूर्ण चरणका क्रियाकलापलाई प्रभावकारी ढङ्गले कार्यान्वयनका लागि नीतिगत संस्थागत प्रवन्ध गर्न र प्रदेश सरकारबाट विशेष अनुदानको रुपमा आएको रकमको सदुपयोगको लागि उपशीर्षगत रुपमा बाँडफाँड गरि कार्यक्रम कार्यान्वयन गर्न उपयुक्त देखिएको ।

४. निर्णय हुनुपर्ने व्यहोराः

पालुङटार नगरपालिकालाई पूर्णरुपमा बालमैत्री स्थानीय शासन युक्त वनाउनका लागि प्रचलित कानुनहरुको आधारमा देहाय बमोजिम गर्ने ।

| क्र.सं. | निर्णय हुनुपर्ने विषय | | |
|---|---|---|---|
| १. | बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ को दफा १६ बमोजिम बालमैत्री स्थानीय शासन नगर समिति देहाय अनुसार गठन गर्ने । | | |
| | १. नगर प्रमुख -अध्यक्ष | १ | |
| | २. नगर उपप्रमुख -उपाध्यक्ष | १ | |
| | ३. प्रमुख प्रशासकीय अधिकृत -सदस्य | १ | |
| | ४. वडाध्यक्षहरु सबै -सदस्य | १० | |
| | ५. नगर कार्यपालिका सदस्य सबै -सदस्य | ८ | |
| | ६. शाखा प्रमुखहरु (स्वास्थ्य, शिक्षा, महिला तथा बालबालिका, खानेपानी तथा सरसफाइ, गैर स स समन्वय) | ३ | |
| | ७. महला तथा बालबालिका क्षेत्रमा काम गर्ने गै स स मध्येबाट नगरप्रमुखबाट मनोनित १ महिला सहित २ जना-सदस्य | २ | |
| | ८. स्थानीय विद्यालय र स्वास्थ्य व्य.स. हरुबाट नगरप्रमुखले मनोनयन गरेको १/१ जना प्रतिनिधि -सदस्य | २ | |
| | ९. नगरपालिकास्तरीय बाल सञ्जालका अध्यक्ष सहित २ जना (कम्तिमा १ बालिका सहित) -सदस्य | २ | |
| | १०. नगरपालिकामा कार्यरत महिला शिक्षिका र महिला स्वास्थ्य स्वयंसेविका मध्येबाट नगरप्रमुखले मनोनयन गरेको १/१ जना प्रतिनिधि - सदस्य | २ | |
| | ११. महिला र बालबालिकाको क्षेत्रमा काम गर्ने सामुदायिक संस्था वा समूहमध्ये नगरप्रमुखले तोकेको महिला प्रतिनिधि १ जना सदस्य- | १ | |

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| | १२. नगरपालिका क्षेत्रमा रहेका प्रहरी कार्यालयका प्रमुख १ जना -सदस्य | १ | |
| | १३. शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख -सदस्य सचिव | १ | |
| २. | **बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०७८ को दफा १७ बमोजिम देहायअनुसार प्रत्येक वडामा बालमैत्री स्थानीय शासन वडा समिति गठन गर्ने**<br>१. वडाध्यक्ष- संयोजक<br>२. वडा समितिका सदस्य सबै- सदस्य<br>३. वडामा रहेका स्वास्थ्य संस्थाका प्रमुख- सदस्य<br>४. महिला र बालबालिकाको क्षेत्रमा कार्यरत स्थानीय गैसस वा सामुदायिक संस्था वा टोल विकास संस्था मध्येबाट वडा अध्यक्षले मनोनयन गरेको प्रतिनिधि २ जना — सदस्य<br>५. वडामा रहेका विद्यालय वा स्वास्थ्य व्यवस्थापन समिति मध्येबाट वडाध्यक्षले मनोनयन गरेको प्रतिनिधि ३ जना- सदस्य<br>६. वडामा कार्यरत महिला स्वास्थ्य स्वयंसेविका- सदस्य<br>७. वडास्तरीय बाल सञ्जालका अध्यक्ष सहित २ जना(कम्तिमा १ जना बालिका)- सदस्य<br>८. वडा सचिव- सदस्य सचिव | १<br>४<br>१<br>२<br>३<br>१<br>२<br>१ | |

३. गण्डकी प्रदेश सरकारको विशेष अनुदान अन्तर्गत चालु आ.व. २०८१/०८२ का लागि विनियोजन भएको बजेट रु.३०,००,०००।- (अक्षेरुपी रु. तीस लाख मात्र ) लाई कार्यान्वयन गर्नका लागि देहाय बमोजिमको क्रियाकलापहरुमा खर्च गर्ने ।

क. बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि सरोकारवालाको अभिमुखीकरण कार्यक्रम - ५ लाख

ख. बालमैत्री स्थानीय शासन कार्यान्वयन भएका स्थानीय तहहरुको अध्ययन अवलोकन भ्रमण - ५ लाख

ग. बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिकाको सूचकमा आधारित भइ नगरपालिकामा बालबालिकाको अवस्था सम्बन्धि वस्तुगत विवरण (प्रोफाइल) तयारी र प्रकाशन - ५ लाख

घ. बालमैत्री पूर्वाधारहरुको निर्माण - १५ लाख

४. संघीय सरकारको निर्देशिकाको दायरा भित्र रही पालुङटार नगरपालिकाको बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०८२ तर्जुमाको लागि सैद्धान्तिक स्वीकृति दिने ।

Scanned with CamScanner

## प्रमुख प्रशासकीय अधिकृतबाट निर्णय प्रमाणित

मिति २०८२-०१-२५ गतेको नगर कार्यापलिकाको ९८ औ बैठकमा बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि आवश्यक विभिन्न समिति गठन तथा बजेट बाँडफाँटको निर्णय सम्बन्धमा प्रस्ताव पेश भएकोमा सो प्रस्तावमा लेखिए बमोजिम गर्ने ।

२०८२।१।२६

कमानसिं थापा मगर

प्रमुख प्रशासकीय अधिकृत

मितिः २०८२-०१-२६

Scanned with CamScanner

# पालुङ्टार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## पालुङ्टार, गोरखा
### गण्डकी प्रदेश, नेपाल

**विषय : कार्यविधि संशोधन गर्ने सम्वन्धमा।**

**कार्यपालिका बैठकमा प्रस्ताव पेश गर्न नगर प्रमुखबाट स्वीकृत प्राप्त मितिः २०८२-०१-२२**

१. **विषयको संक्षिप्त व्यहोरा :** जलश्रोतको उपयोग तथा व्यवस्थापन सम्वन्धी कार्यविधि, २०७७ को दफा ४ को उपदफा ७ मा व्यवस्था भएको प्राविधिक समितिलाई संशोधन गर्नको लागि यो प्रस्ताव पेश गरिएको छ।

२. **प्राप्त परामर्श तथा अन्य प्रासंगिक कुरा :** नगरपालिकाको संगठनात्मक संरचनाभित्र वातावरण शाखा नरहेको र समितिका पदाधिकारी र सदस्यको जिम्मेवारी हेरफेर गर्नु पर्ने भएको।

३. **प्रस्ताव पेश गर्नुको कारण र सम्वन्धित शाखाको सिफारिस :** जलश्रोतको उपयोग तथा व्यवस्थापन सम्वन्धि कार्यविधि, २०७७ को दफा ४ को उपदफा ७ मा व्यवस्था भएको प्राविधिक समितिको संयोजक वातावरण शाखा प्रमुख रहने भन्ने व्यवस्था रहेकोमा नगरपालिकाको संगठनात्मक संरचनाभित्र वातावरण शाखा नरहेको र समितिका पदाधिकारी र सदस्यको जिम्मेवारी हेरफेर गर्नु पर्ने भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी कार्यविधि संशोधनको लागि यो प्रस्ताव पेश गरिएको छ।

४. **निर्णय हुनु पर्ने व्यहोरा :** जलश्रोतको उपयोग तथा व्यवस्थापन सम्वन्धि कार्यविधि, २०७७ को दफा उपदफा ७ लाई निम्न बमोजिम संशोधन गर्ने।

**निम्न :**

| सि.नं | हालको दफा | हालको व्यवस्था | संशोधन तथा थप व्यवस्था | संशोधन तथा थप गर्नु पर्ने कारण |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | दफा ४ को उपदफा ७ | सम्वन्धित उपभोक्ता समितिबाट मुल दर्ताको लागि निवेदन दिएमा निम्न अनुसारको प्राविधिक समितिले मुल दर्ता गर्न मिल्ने नमिल्ने सम्वन्धमा स्थलगत अध्ययन गरी स्पष्ट राय सहित प्रतिवेदन दिनु पर्नेछ।<br>(१) संयोजक - वातावरण शाखा प्रमुख<br>(२) सदस्य - सम्वन्धित वडाको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि<br>(३) सदस्य - प्राविधिक शाखा प्रमुख/ प्राविधिक<br>(४) सदस्य - कृषि शाखा प्रमुख वा निजले तोकेको कर्मचारी<br>(५) सदस्य - न.पा.को सर्वेक्षक/अमिन<br>(६) सदस्य - इलाका वन कार्यालय प्रमुख/ प्रतिनिधि<br>(७) सदस्य सचिव - प्रशासन शाखा प्रमुख अधिकृत /ना.सु | सम्वन्धित उपभोक्ता समितिबाट मुल दर्ताको लागि निवेदन दिएमा निम्न अनुसारको प्राविधिक समितिले मुल दर्ता गर्न मिल्ने नमिल्ने सम्वन्धमा स्थलगत अध्ययन गरी स्पष्ट राय सहित प्रतिवेदन दिनु पर्नेछ :-<br>(१) संयोजक - प्रशासन शाखा प्रमुख<br>(२) सदस्य - सम्वन्धित वडाको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि<br>(३) सदस्य - सम्वन्धित वडा हेर्ने सव-इन्जिनियर<br>(४) सदस्य - कृषि शाखा प्रमुख वा निजले तोकेको कर्मचारी<br>(५) सदस्य - नगरपालिकाको सर्वेक्षक/अमिन<br>(६) सदस्य - इलाका वन कार्यालय प्रमुख/ प्रतिनिधि<br>(७) सदस्य सचिव - भौतिक पूर्वाधार विकास शाखा प्रमुख | नगरपालिकाको संगठनात्मक संरचनाभित्र वातावरण शाखा नरहेको र समितिका पदाधिकारी र सदस्यको जिम्मेवारी हेरफेर गर्नु पर्ने भएको |

Scanned with CamScanner

## प्रमुख प्रशासकीय अधिकृतबाट निर्णय प्रमाणित

मिति २०८२-०१-२५ गतेको नगर कार्यपालिकाको ९८ औ बैठकमा जलश्रोतको उपयोग तथा व्यवस्थापन सम्वन्धी कार्यविधि, २०७७ संसोधन गर्ने सम्बन्धमा प्रस्ताव पेश भएकोमा सो प्रस्तावमा लेखिए बमोजिम गर्ने ।

कमानसिं थापा मगर

प्रमुख प्रशासकीय अधिकृत

मितिः २०८२-०१-२६

Scanned with CamScanner

# पालुङ्टार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## पालुङ्टार, गोरखा
### गण्डकी प्रदेश, नेपाल

**विषयः** चैत महिनामा योजना तथा कार्यक्रमको अनुगमन प्रतिवेदन पारित गर्ने सम्वन्धमा।

**कार्यपालिका बैठकमा प्रस्ताव पेश गर्न नगर प्रमुखबाट स्वीकृत प्राप्त मिति: २०८२-०१-२२**

**१. बिषयको संक्षिप्त व्यहोराः**

पालुङ्टार नगरपालिका योजना तथा कार्यक्रम मध्ये चैत महिनामा भएका अनुगमनको प्रतिवेदन पेश गर्नु पर्ने कानुनी व्यवस्था भएको।

**२. प्राप्त परामर्श तथा अन्य प्रासँगिक कुराः**

स्थानीय सरकार संचालन ऐन-२०७४ को दफा १६ उपदफा ४ (ख) र स्थानीय तह वित्तिय सुशासन जोखिम मुल्याङ्कनको सूचकहरुमा एक सूचकको रुपमा रहेको।

**३. प्रस्ताव पेश गर्नुको कारण र सम्वन्धित शाखाको सिफारीसः**

स्थानीय सरकार संचालन ऐन २०७४ ले स्थानीय तहमा संचालित योजना तथा कार्याक्रमहरुको अन्तिम अनुगमन गरि सामाजिक / आर्थिक पक्षहरुको अवलोकन निरिक्षण अनुगमन गरि सोको जानकारी कार्यपालिकाकालाई दिनु पर्ने कानुनी व्यवस्था रहेकोले यो प्रस्ताव पेश गरिएको।

**४. निर्णय हुनेपर्ने व्यहोराः**

- चैत महिनामा अनुगमन समिति मार्फत अनुगमन भई भुक्तानीका लागि आर्थिक प्रशासन शाखामा पेश गरिएको योजना/ कार्यक्रमको अनुगमन प्रतिवेदन अनुमोदन गर्ने।

Scanned with CamScanner

## प्रमुख प्रशासकीय अधिकृतबाट निर्णय प्रमाणित

मिति २०८२-०१-२५ गतेको नगर कार्यपालिकाको ९८ औ बैठकमा चैत महिनामा योजना तथा कार्यक्रमको अनुगमन प्रतिवेदन पारित गर्ने प्रस्ताव पेश भएकोमा सो प्रस्तावमा लेखिए बमोजिम गर्ने ।

२०८२।१।२६

कमानसिं थापा मगर

प्रमुख प्रशासकीय अधिकृत

मितिः २०८२-०१-२६

Scanned with CamScanner

# पालुङ्टार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## पालुङ्टार, गोरखा
### गण्डकी प्रदेश, नेपाल

**विषयः** चैत महिनामा भुक्तानी भएका योजनाको फरफारक सम्वन्धमा।

**कार्यपालिका बैठकमा प्रस्ताव पेश गर्न नगर प्रमुखबाट स्वीकृत प्राप्त मितिः २०८२-०१-२२**

**९. बिषयको संक्षिप्त व्यहोराः**

पालुङ्टार नगरपालिकाले चैत महिनामा कार्य सम्पन्न भई भुक्तानी मागका लागि आएको योजनाहरुको रित पुर्वक भुक्तानी भएको विवरण कार्यपालिकाबाट फरफारक पर्ने भएको।

**१०. प्राप्त परामर्श तथा अन्य प्रासँगिक कुराः**

स्थानीय सरकार संचालन ऐन-२०७४ को दफा ७६ उपदफा ३ र दफा ८४ उपदफा २ (ङ) साथै स्थानीय तह वित्तिय सुशासन जोखिम मुल्याङ्कनको सूचकहरुमा एक सूचकको रुपमा रहेको।

**११. प्रस्ताव पेश गर्नुको कारण र सम्वन्धित शाखाको सिफारीसः**

यस नगरपालिकाबाट कार्य सम्पन्न भई भुक्तानी भएको योजनाहरुको विवरण सम्पुर्ण कार्यपालिकाको सदस्यलाई जानकारी दिने तथा पारदर्शिता जवाफदेहीता वृद्धि गर्न आवश्यक भएकोले यो पस्ताव पेश गरिएको छ।

**१२. निर्णय हुनेपर्ने व्यहोराः**

- चैत महिनामा भुक्तानी भएको अनुसूचीमा सङ्लग्न योजनाहरु फरफारक गर्ने।

Scanned with CamScanner

# प्रमुख प्रशासकीय अधिकृतबाट निर्णय प्रमाणित

मिति २०८२-०१-२५ गतेको नगर कार्यापलिकाको ९८ औ बैठकमा चैत महिनामा भुक्तानी भएको योजनाको फरफारक गर्ने सम्बन्धमा प्रस्ताव पेश भएकोमा सो प्रस्तावमा लेखिए बमोजिम गर्ने।

२०८२।१।२६

कमानसिं थापा मगर

प्रमुख प्रशासकीय अधिकृत

मितिः २०८२-०१-२६

Scanned with CamScanner